सिरानचोक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छोप्राक,गोरखा

Mail:ito.siranchowkmun@gmail.com

गण्डकी प्रदेश,नेपाल


प.सं.:२०७७।७८

च.नं.:

मितिः२०७८।०१।१२

## सूचना! सूचना!! सूचना!!!

फलफूलको विरुवा माग सम्बन्धी सूचना :

प्रस्तुत विषयमा गोरखा जिल्ला सिरानचोक गाउँपालिकाको आ.ब.२०७७।०७८ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरण सर्शत अनुदान तर्फको राष्ट्रिय फलफूल विकास कार्यक्रम, फलफूल दशक अन्तर्गत ५०% अनुदानमा स्थानीय तहमा (आँप, केरा र लिचीका विरुवाहरु दरौदी करिडोर) र अन्य ठाउँमा अमिलो जातको फलफूलमा कागती, लप्सी, निबुवा, भोगटे, ओखर, ज्यामिर लगायतका बिरुवाहरु कम्तीमा २ रोपनी क्षेत्रफलमा विरुवा रोपन अभियान कार्यक्रम संचालन हुने भएकोले आवश्यक पर्ने व्यवसायिक कृषक, कृषि समूह, कृषि फर्म र कृषि सहकारीले विरुवाको संख्या खुलाई यदि आफ्नो जग्गा धनी प्रमाण पत्र जग्गा नभएमा जग्गा भाडामा लिइ करार सम्झौता गरेको समावेश गर्न सकिने छ भनि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलका कागजात सहित सिरानचोक गाउँपालिका कृषि विकास शाखामा निवेदन पेश गर्नु हुन अनुरोध छ ।

**(नोटः सिमान्तकृत वर्गहरुले कम्तीमा एक घर दश विरुवाहरु अनिवार्य रुपमा रोप्नु पर्नेछ ।)**

**आवश्यक कागजातहरु**

१. रु.१० को टिकट टाँस गरिएको निवेदन ।
२. नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
३. जग्गा धनि प्रमाण पत्रको प्रतिलिपि ।
४. जग्गा भाडामा लिएको हकमा कम्तीमा १० वर्षको करार सम्झौता गरेको करारको प्रमाणित प्रतिलिपि ।
५. वडा कार्यालयको सिफारिस ।
६. कृषक वर्गिकरण फारमको प्रमाण पत्रको प्रत्तिलिपि ।
७. कृषक समूह, कृषि फर्म र सहकारीको प्रमाण पत्रको प्रतिलिपि ।
८. कृषक समूह, सहकारीको हकमा निर्णय पत्रको प्रतिलिपि ।

<u>थप जानकारीको लागि सम्पर्क नं.</u>

कृषि विकास शाखा

राम सुरत थारु ।। ९८४८१४३५६३

..............................

प्रमुख प्रशासकीय अधिकृत